# ऐसेलुखर्क गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# ऐसेलुखर्क, खोटाङ

☎ ०३६-४११११०३
☎ ०३६-४११११०४
E-mail :aiselukharka2073@gmail.com
Website:www.aiselukharkamun.gov.np

१ नं. प्रदेश, नेपाल


प.स:- ०७८/०७९
च.नं.:-

मिति-२०७८/०९/१४

## सूचना ! सूचना !! सूचना !!!

**ऐसेलुखर्क बजार तथा सवारी साधन व्यवस्थापन सम्बन्धी सूचना**

प्रस्तुत विषयमा ऐसेलुखर्क गाउँपालिका वडा नं.-३, ऐसेलुखर्क बजार तथा सवारी साधन व्यवस्थापन गरी बजार क्षेत्रलाई सुरक्षित, स्वच्छ, सफा र सुन्दर बनाउनको लागि तपसिल बमोजिमको निर्णय पालना गर्न गराउन हुन सम्बन्धित सरोकारवालाहरुमा जानकारीको लागि अनुरोध छ ।

**तपसिल**

१. ऐसेलुखर्क बजार क्षेत्रमा रहेका सडक पेटीमा कुनै पनि प्रकारका सामाग्रीहरु राख्न पाइने छैन । सडक पेटीमा राखिएका सामाग्रीहरु मिति २०७८ पौष २१ गतेभित्र हटाई सक्नु पर्ने छ । तोकिएको समयपछि सडक पेटीमा भेटिने कुनै पनि प्रकारका सामाग्रीहरु प्रशासनमार्फत जफत गरिने छ ।

२. प्रज्वलनशील पदार्थ जस्तैः डिजेल, पेट्रोल आदि ऐसेलुखर्क बजार क्षेत्रभन्दा कम्तिमा ५० मिटर टाढाको दूरीमा अनिवार्य रुपमा राख्नु पर्ने छ । यसको व्यवस्थापन व्यवसायी स्वयमले आजको मितिले १ (एक) महिनाभित्र गरिसक्नु पर्ने छ ।

३. माल वाहक ट्रक, ठूला गाडी र ट्याक्टर बिहान ९:०० बजेदेखि बेलुका ५:०० बजेसम्म बजार क्षेत्रमा प्रवेश तथा सञ्चालन गर्न पाइने छैन । माल सामान अपलोड गर्नको लागि ट्याक्टर र बोलेरोलाई भने छुट दिइने छ तर माल सामान अपलोड वाहेकको प्रयोजनका लागि सवारी प्रवेश तथा सञ्चालन गरेको पाइएमा तपसिल बमोजिमको कारवाही गरिने छः

क) पहिलो पटक भेटिएमा- २४ घण्टासम्म सवारी सञ्चालन गर्न नपाइने ।
ख) दोस्रो पटक भेटिएमा- ३ (तीन) दिनसम्म सवारी सञ्चालन गर्न नपाइने ।
ग) तेस्रो पटक भेटिएमा- रु. ५,०००/- रुपैयाँ जरिवाना र ३ (तीन) दिनसम्म सवारी सञ्चालन गर्न नपाइने ।

४. शनिवारको दिन बोलेरो र सुमो वाहेकका सवारी साधन बजार क्षेत्रमा सञ्चालन तथा प्रवेश गर्न पाइने छैन ।

५. मोटर साइकल, गाडी लगायतका कुनै पनि प्रकारका सवारी साधन सडक अवरुद्ध हुने गरी पार्किङ गर्न पाइने छैन । जताभावी अव्यवस्थित रुपमा सवारी साधन पार्किङ गरेको पाइएमा ईलाका प्रहरी कार्यालय, ऐसेलुखर्कमार्फत सवारी साधन उठाई नियमानुसार कारवाही गरिने छ ।

२०७८।०९।१४

(हिरा कुमारी यादव)
प्रमुख प्रशासकीय अधिकृत